नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# शुक्लागण्डकी नगरपालिका कार्यालय

दुलेगौंडा, तनहुँ

## शुक्लागण्डकी नगरपालिकाद्धारा सम्वन्धित सरोकारवालाहरुको नाममा जारी गरिएको अत्यन्त जरुरी सूचना

स्थानीय स्वायत्त शासन ऐन २०५५, फोहरमैला व्यवस्थापन ऐन २०६८ तथा शुक्लागण्डकी नगरपालिकाको मिति २०७२/११/१६ को निर्णय अनुसार शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोला, प्लाष्टिक गिलासको उत्पादन, ओसारपसार तथा विक्री वितरणलाई मिति २०७३ बैशाख १ गतेदेखि पूर्णत निषेध गर्दै शुक्लागण्डकी नगरपालिकालाई प्लाष्टिक झोला एवं प्लाष्टिक गिलास निषेधित क्षेत्र घोषणा गर्ने कार्यक्रम रहेको छ ।

तसर्थ मिति २०७२ साल चैत्र मसान्त भित्र आ–आफ्नो मौज्दातमा रहेका प्लाष्टिक झोला एव्म गिलास व्यवस्थापन गर्नु/गराउनु हुन अनुरोध छ । तत् पश्चात यस शुक्लागण्डकी नगरपालिकाबाट खटिने अनुगमन टोलिबाट अनुगमनका क्रममा उपरोक्त अनुसारको निषेधित बस्तु फेला परेमा जो कोहीलाई कडाभन्दा कडा कारवाही भई जाने हुँदा सो अबधिभित्र प्लाष्टिकका झोला एव्म प्लाष्टिकका गिलास पूर्णरुपमा विक्री वितरण, उत्पादन, ओसारपसार नगर्नु/नगराउनु हुन सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ । साथै यही २०७२ चैत्र २० गते पछि प्लाष्टिक झोला उत्पादन, विक्रि वितरण तथा उपयोग गरेको पाईएमा कानुनत दण्डनिय हुने हुदाँ सो नगर्नु/नगराउनु भई शुक्लागण्डकी नगरपालिकाको प्लाष्टिक झोला तथा गिलास मुक्त अभियानलाई सफल बनाउन सहयोग गर्नुहुन नगरपालिकास्थित राजनैतिक दल, नागरिक समाज, वडा नागरिक मन्च, टोल विकास संस्था, उद्योग व्यापारी, संघ संस्था तथा नगरवासीहरुलाई हार्दीक अनुरोध छ ।

कार्यकारी अधिकृत
शुक्लागण्डकी नगरपालिका
दुलेगौंडा, तनहूँ